# स्थानीय राजपत्र

**गोकर्णेश्वर नगरपालिका, काठमाडौंद्वारा प्रकाशित**

खण्डः ८) गोकर्णेश्वर, माघ ५ गते, २०८१ साल संख्याः१०

## भाग १

## गोकर्णेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,
## वागमती प्रदेश, नेपाल ।

नेपालको संविधान बमोजिम गोकर्णेश्वर नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## गोकर्णेश्वर नगरपालिकाको बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०८१

सम्वत् २०८१ सालको ऐन नं. ४

मूल्य रु : १५/-

# गोकर्णेश्वर नगरपालिकाको बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०८१

## प्रस्तावना :

स्थानीय वस्तु तथा सेवा बजारको व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई एकल अधिकारको रुपमा व्यवस्था गरिएकोले स्थानीय बजार व्यवस्थापन गरी स्वच्छ बजारको माध्यमबाट गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने उपभोक्ताको मौलिक हकलाई स्थानीय तहमा संरक्षण तथा संवर्द्धन गर्न, बजार व्यवस्थापन तथा अनुगमन र उपभोक्ता हित संरक्षण तथा सम्वर्द्धनसम्बन्धी कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी गोकर्णश्वर नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१. यो ऐनको **नाम "बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०८१"** रहेको छ ।

२. यो ऐन तुरुन्त लागू हुनेछ ।

३. यो ऐन गोकर्णेश्वर नगरपालिकाको क्षेत्रभित्र लागू हुनेछ ।

## २ परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा -

क. **“अनुचित व्यापारिक क्रियाकलाप”** भन्नाले यस ऐनको दफा १० बमोजिमको क्रियाकलापलाई सम्झनु पर्छ ।

ख. **“उपभोक्ता”** भन्नाले कुनै वस्तु वा सेवा उपभोग वा प्रयोग गर्ने व्यक्ति वा संस्थालाई सम्झनु पर्छ ।

ग. **“उपभोक्ता संस्था”** भन्नाले उपभोक्ता हित संरक्षण तथा संवर्द्धनको उद्धेश्यले प्रचलित काननु बमोजिम स्थापना भएको संस्था वा त्यस्तो संस्थाको नगरस्तरीय शाखा समेतलाई सम्झनु पर्छ ।

घ. **“कार्यपालिका”** भन्नाले गोकर्णश्वर नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

ङ. **“गुणस्तरहीन वस्तु”** भन्नाले यस ऐनको दफा १९ बमोजिमको अवस्था भएको वा रहेको उपभोग्य वस्तु सम्झनु पर्छ ।

च. **“गुणस्तरहीन सेवा”** भन्नाले कुनै सेवाको गुणस्तर तोकिए वा दाबी गरिएकोमा त्यस अनुरुप नभएको भन्ने सम्झनु पर्छ ।

छ. **“तोकिए वा तोकिए बमोजिम”** भन्नाले यस ऐन बमोजिमको नियम, कार्यविधि, निर्देशिका तथा कार्यपालिकाको निर्णयबाट वा प्रचलित नेपाल कानुनद्धारा तोकिएको भए सोबमोजिम तोकिएको सम्झनु पर्छ ।

ज. **“नगरपालिका”** भन्नाले गोकर्णेश्वर नगरपालिकालाई सम्झनु पर्छ ।

झ. **“निरीक्षण अधिकृत”** भन्नाले यस ऐनको दफा २६ बमोजिम नियुक्त निरीक्षण अधिकृतलाई सम्झनु पर्छ ।

ञ **“वस्तु”** भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तुको सम्मिश्रणबाट बनेको पदार्थलाई सम्झनु पर्छ र सो शब्दले उपभोग्य वस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रंग, सुगन्ध वा रसायनलाई समेत जनाउँछ । सो शब्दले मूल्य लिई वा नलिई बिक्री वितरण गरिने सबै प्रकारका वस्तुलाई जनाउँनेछ ।

ट **“बजार अनुगमन टोली”** भन्नाले ऐनको दफा २६ बमोजिमको निरिक्षण अधिकृतको संयोजकत्वमा दफा २२ को खण्ड (न)बमोजिम गठितटोली सम्झनु पर्छ ।

ठ **“प्रदायक”** भन्नाले मूल्य वा दस्तुर वा पारिश्रमिक लिई वा नलिई सबै प्रकारका वस्तु वा सेवा बिक्री वितरण गर्ने व्यक्ति फर्म ,कम्पनी वा संस्था सम्झनु पर्छ ।

ड **“लेबल”** भन्नाले उपभोग्य वस्तु वा उपभोग्य वस्तु राखिएको भाँडो वा त्यस्तो उपभोग्य वस्तु वा उपभोग्य वस्तुमा लेखिएको, छापिएको, लिथो गरिएको वा अन्य कुनै किसिमको देखाएको ट्याग, चिन्ह, तस्विर वा अन्य विवरणात्मक वस्तुलाई सम्झनु पर्छ ।

ढ **“समिति”** भन्नाले दफा २१ बमोजिम गठित बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिलाई सम्झनु पर्छ ।

ण **“सेवा”** भन्नाले, विद्युत, खानेपानी, टेलिफोन, सूचना प्रविधि, सञ्चार, ढल निकास, शिक्षा, वातावरणीय, बैंक

तथा वित्तीय, स्वास्थ्य र सामाजिक सेवा, पर्यटन, मनोरञ्जन तथा खेलकुद सेवा, निर्माण तथा इन्जिनियरिङ सेवा, यातायात, चिकित्सा लगायतका दस्तुर वा पारिश्रमिक लिई वा नलिई प्रदान गरिने सम्पूर्ण सेवाहरुलाई सम्झनु पर्छ ।

त **"स्थानीय बजार"** भन्नाले गोकर्णेश्वर नगरपालिका क्षेत्रभित्रको वस्तु वा सेवा बजारलाई सम्झनु पर्छ ।

## परिच्छेद–२

## बजार व्यवस्थापन सम्बन्धी व्यवस्था

**३. बजार व्यवस्थापन :–**

(१) नगरपालिकाले बजार व्यवस्थापन तथा उपभोक्ता हितसंरक्षण सम्बन्धी देहायका कार्यहरु गर्नेछ :–

(क) स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन सम्बन्धी नीति, कानन, मापदण्डु तर्जुमा गरी कार्यान्वयन र नियमन गर्ने,

(ख) बजार तथा हाट बजार सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ग) स्थानीय वस्तुहरुको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमनको काम गर्ने,

(घ) स्थानीय व्यापार र वाणिज्यसम्बन्धी पूर्वाधार निर्माण गर्ने,

(ङ) स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन गर्ने,

(च) स्थानीय स्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन गर्ने,

(छ) स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान गर्ने,

(ज) निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने,

(झ) स्थानीय व्यापार प्रवर्द्धन र अभिलेखाङ्कन गर्ने,

(ञ) स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन, सहजीकरण र नियमन गर्ने,

(ट) उपभोक्ता सचेतना अभिवृद्धि, उपभोक्ता जागरण तथा सशक्तिकरण, उपभोक्ताको गुनासो व्यवस्थापन, जागरुक उपभोक्ता तथा नैतिकवान् बिक्रेतालाई प्रोत्साहन गर्ने, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण गर्ने,

(ठ) स्थानीय स्तरमा जनस्वास्थ्य प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचबिखन र उपभोग तथा वातावरणीय प्रदुषण र हानिकारक पदार्थहरुको नियन्त्रण, अनुगमन तथा नियमन गर्ने,

(ड) वस्तु र सेवा बजारको व्यवस्थापन तथा स्थानीय बजारको सुपरिवेक्षण तथा अनुगमन गर्ने,

(ढ) स्थानीय बजार व्यवस्थापनसम्बन्धी तोकिएबमोजिमका अन्य कार्य गर्ने,

(२) उपदफा (१)बमोजिमका कार्यहरु सम्पन्न गर्न नगरपालिकाले सरोकारवालाहरु सँगको समन्वय, सहकार्य र साझेदारीमा आवश्यक कार्ययोजना सहित बजेट व्यवस्थापन र कार्यक्रम गर्नेछ ।

## परिच्छेद–३

## उपभोक्ताको अधिकार तथा बजारसँग सम्बद्ध पक्षको दायित्व सम्बन्धी व्यवस्था

### ४ उपभोक्ताको अधिकारको संरक्षण र सम्वर्द्धन सम्बन्धी व्यवस्था :-

(१) नगरपालिकाले प्रचलित कानुनबमोजिमको उपभोक्तालाई प्राप्त अधिकार सम्वर्द्धन र संरक्षण गर्ने छ ।

(२) उपदफा (१) बमोजिमको अधिकार संरक्षण र संवर्द्धनका लागि नीति तथा कार्यक्रम तयार गर्ने छ ।

(३) नगरपालिकाले विश्व उपभोक्ता अधिकार दिवस मनाउन विविध कार्यक्रम सञ्चालन गर्ने छ ।

(४) उपभोक्ताको अधिकार संरक्षण गर्न नगरपालिकाले आवश्यक नीतिगत तथा संस्थागत व्यवस्था गर्न सक्ने छ ।

(५) नगरपालिकाले उपभोक्ता हित संरक्षणको लागि वस्तु र सेवाको आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, लेबल, विज्ञापन

आदिको नियमित बजार सुपरिवेक्षण तथा अनुगमन सम्बन्धी व्यवस्था समितिले तोके बमोजिम गर्ने छ।

(६) नगरपालिकाभित्र उपभोक्ता सचेतना अभिवृद्धिसम्बन्धी कार्यक्रम तोकेबमोजिम हुने छ।

## ५. वस्तु वा सेवाको बजारसँग सम्बद्ध पक्षको दायित्व

नगरपालिकाभित्र वस्तु वा सेवा प्रदान गर्ने प्रत्येक उत्पादक, आयातकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, बिक्रेता र सेवा प्रदायकले कानुनबमोजिमको दायित्व पूरा गर्नुपर्ने छ।

# परिच्छेद–४

# दर्ता, अनुमति, सिफारिस, नवीकरण र खारेजी सम्बन्धी व्यवस्था

## ६. व्यवसाय दर्ता तथा स्वीकृति सम्बन्धी व्यवस्था :

(१) नगरपालिका क्षेत्रभित्र बिक्री वितरण गर्ने उद्धेश्यले स्थापित वस्तु वा सेवाका उत्पादक, आयातकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, सङ्कलनकर्ता लगायतका प्रदायक वा आफनो कारोबार सञ्चालन गर्दा नगरपालिकामा दर्ता वा अनुमति लिई कारोबार सञ्चालन गर्नुपर्ने छ।

(२) नगरपालिकाक्षेत्रभित्र कुनै वस्तु वा सेवा व्यवसाय गर्ने उद्धेश्यले स्थापित हाटबजार, होमस्टे, महोत्सव, मेला वा पर्यटनसँग सम्बन्धित र्‍याफ्टिङ, क्यानिङ, प्यारागलाइडिङ लगायतका व्यवसाय कारोबार

सञ्चालन गर्दा नगरपालिकामा दर्ता वा अनुमति लिई कारोबार सञ्चालन गर्नुपर्ने छ ।

(३) प्रदायक वा बिक्रेताले आफुले सञ्चालन गर्ने कारोबारको प्रचलित सङ्घ र प्रदेश कानून बमोजिम दर्ता स्वीकृति लिनुपर्ने भए लिएको प्रमाण समेत आवेदनका साथ पेस गर्नुपर्ने छ ।

(४) उपदफा (१) र (२) बमोजिम पेस भएको दर्ता वा अनुमतिको आवेदनउपर नगरपालिकाले छानबिन गरी दर्ता गर्न मिल्ने भए दर्ता गरी दर्ता प्रमाणपत्र उपलब्ध गराउने छ । दर्ता वा अनुमति दिन नमिल्ने भए सोको स्पष्ट कारणसहित आवेदन दर्ता भएको मितिले सात दिनभित्र आवेदकलाई जानकारी गराउनुपर्ने छ ।

(५) कुनै वस्तु वा सेवाको प्रदायक वा बिक्रेताका हकमा दर्ता वा अनुमति प्रदान गर्नुअघि कुनै निश्चित सर्तपालना गर्नुपर्ने वा तालिम वा अभिमुखीकरण लिनुपर्ने गरी कार्यपालिकाले दर्ता वा अनुमति सम्बन्धी कार्यविधि निर्धारण गर्न सक्ने छ ।

(६) नगरपालिका क्षेत्रभित्र कुनै उद्योग वा वस्तु वा सेवा प्रदान गर्ने उद्धेश्यले कसैले प्रचलित कानून बमोजिम कुनै फर्म, कम्पनी ,एजेन्सी, संस्था दर्ता गर्न चाहेमा नगरपालिकाले आवश्यक सिफारिस गर्न सक्ने छ ।

(७) दर्ता अनुमति तथा सिफारिससम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

## ७. दर्ता नविकरण गर्नु पर्ने :

दफा ६ बमोजिमका नगरपालिकामा दर्ता गरिएका उद्योग, फर्म, पसल, कारोबार, व्यवसाय, हाटबजार मेला, महोत्सव, पर्यापर्यटन जस्ता प्रदायकले प्रत्येक वर्ष असोज मसान्तभित्र तोकिए बमोजिम लाग्ने शुल्क वा दस्तुर बुझाई दर्ता वा अनुमति नवीकरण गर्नुपर्ने छ ।

## ८. दर्ता तथा अनुमति खारेजीसम्बन्धी व्यवस्था :

(१) नगरपालिकामा दर्ता भएका वस्तु वा सेवा प्रदायकको अनुमति देहायको अवस्थामा खारेज गर्न सक्नेछ :–

(क) लगातार ४ वर्षसम्म नवीकरण नगरेमा,

(ख) उद्देश्य विपरीत काम गरेमा,

(ग) यस ऐन तथा यस ऐनअर्न्तगतको नियमको कम्तिमा तीन पटक उल्लङ्घन गरेमा,

(घ) स्वीकृति बेगर तोकिएको स्थान भन्दा अन्यत्रै कारोबार सञ्चालन गरेमा,

(ङ) आफुले उत्सर्जन गरेको फोहोर वा अन्य पदार्थको उचित व्यवस्थापन नगरेमा वा वातावरणमा हानि नोक्सानी पुऱ्याएमा,

(च) अनुचित व्यापारिक क्रियाकलाप गरेमा,

(छ) तोकिएका अन्य कुराहरु ।

(२) दर्ता तथा अनुमति खारेज गर्नुअघि वस्तु तथा सेवा प्रदायकलाई सुनुवाइको मौका प्रदान गर्नुपर्ने छ ।

(३) उपदफा (१) बमोजिमको खारेजको निर्णयउपर सम्बन्धित व्यवसायीले थाहा पाएको मितिले २१ दिनभित्र प्रमुख समक्ष पुनरावेदन गर्न सक्ने छ ।

(४) उपदफा (३) बमोजिम प्रमुखले गरेको निर्णय अन्तिम हुने छ ।

(५) दर्ता वा अनुमतिको खारेजी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

## ९ प्रदायकले उद्योग, फर्म, पसल, व्यवसाय सञ्चालन मापदण्ड पालना :

(१) प्रचलित कानुनले तोकेको गुणस्तर वा मापदण्डभित्र रही उद्योग, फर्म, व्यवसाय, कारोबार, सेवा प्रदानस्थलको पूर्वाधार तयार गरी सेवा प्रदायकले व्यवसाय सञ्चालन गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम गुणस्तर वा मापदण्ड नतोकिएको हकमा नगरपालिकाले तोकेको मापदण्ड वा सर्तपालना गर्नुपर्ने छ ।

# परिच्छेद-५

## अनुचित व्यापारिक क्रियाकलाप र बजार व्यवस्थापन सम्बन्धी व्यवस्था

**१०. अनुचित व्यापारिक क्रियाकलाप गर्न नहुने :**

कसैले पनि नगरपालिका क्षेत्रभित्र देहाय बमोजिमको अनुचित व्यापारिक क्रियाकलाप गर्न वा गराउन पाइने छैन ।

(१) उपभोग्य वस्तु वा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा, बनावट आदि ढाँटी लुकाइछिपाई वा झुक्याई त्यस्तो वस्तु वा सेवा बिक्री वा प्रदान गर्ने,

(२) झुट्टा वा भ्रमपूर्ण विज्ञापन गरी वस्तु वा सेवा बिक्री गर्ने वा गराउने,

(३) उपभोग्य वस्तु वा सेवाको हकमा मौखिक, लिखित वा दृश्यबाट देहायका कुनै काम गर्ने :-

(क) कमसल वस्तुलाई विशिष्ट वा गुणस्तर भएको स्तरमान, गुणस्तर, मात्रा श्रेणी संरचना, डिजाइन देखाई बिक्री गर्ने,

(ख) पुनर्निर्मित वा पुराना वस्तुलाई नयाँ हो भनि देखाई वा झुक्याई बिक्री गर्ने,

(ग) घोषित गरिएका कुनै फाइदा नहुन अवस्थामा पनि वस्तु वा सेवाको बिक्री गर्दा झुट्टा र भ्रमपूर्ण रुपमा विज्ञापन वा सूचना प्रसार गर्ने,

(घ) उपभोग्य वस्तुको उपभोगबाट उपभोक्ताको कुनै रोग निको हुने भन्ने तथ्यगत आधार विना त्यस्तो वस्तुको दावी वा प्रत्याभूति गने वा बिक्री गर्ने ।

(ङ) कुनै उपभोग्य वस्तु वा सेवाको वास्तविक लागतको आधारभन्दा फरक आधारमा उपभोक्ता मूल्यमा भार पर्ने गरी मूल्य निर्धारण गरेमा वा कुनै प्रतियोगिता, चिट्ठा, अवसर आदिको लागतसमेत समावेश गरी मूल्य तय गर्ने वा त्यस्तो मूल्यमा बिक्री गर्ने,

(च) कुनै उपभोग्य वस्तु वा सेवाको मूल्यमा दान, इनाम वा निःशुल्क पाइने अन्य वस्तुको मूल्य वा लागत समावेश गरी मूल्य निर्धारण गर्ने वा त्यस्तो मूल्यमा त्यस्तो वस्तु वा सेवाको बिक्री गर्ने,

(छ) कुनै उपभोग्य वस्तु वा सेवामा तोकिएको गुणस्तर वा मानकभन्दा घटि हुने वा बढि हुन गरी वा त्यस्तो वस्तु वा सेवा उपभोगबाट उपभोक्तालाई हानि, नोक्सानी पुऱ्याउने गरी त्यस्तो वस्तु उत्पादन, मिश्रण वा आपूर्ति वा ओसारपसार वा सञ्चय वा बिक्री गर्ने,

(ज) कुनै उपभोग्य वस्तुको अनुचित सञ्चय वा कृत्रिम अभाव हुने गरी मूल्य बढाउने, जम्मा खोरी गर्ने वा बिक्री गर्ने, कालोबजारी गर्ने,

(झ) त्रुटिपूर्ण उत्पादनबाट नष्ट भएको वस्तुको मूल्य वा व्यापारिक कारोबारको सिलसिलामा करार भएको वस्तुको मूल्य समेत अन्य वस्तुको लागत मूल्यमा समावेश गरी बिक्री गर्ने,

(ञ) सक्कली वस्तुलाई विस्थापित गर्ने नक्कली वस्तु उत्पादन गर्ने वा त्यस्तो उत्पादनको बिकी गर्ने,

(ट) बिक्री गरेको वस्तु वा सेवाको बिल वा बिजक जारी गर्न इन्कार गर्ने वा बिल वा बिजक जारी नगर्ने,

(ठ) कुनै उपभोग्य वस्तु उपभोग गर्दा उपभोक्तालाई हानि, नोक्सानी वा क्षति पुग्ने गरी विषादी वा कुनै रसायनको प्रयोग गर्ने वा त्यसरी प्रयोग भएको वस्तु बिकी गर्ने,

(ड) उपभोग्य वस्तु उपभोग गरी सक्नुपर्ने अवधि व्यतित भइसकेको वस्तु वा उपभोग गर्न नमिल्ने वस्तुमा नयाँ लेबल लगाई त्यस्तो वस्तु बिकी गर्ने,

(ढ) उपभोग गर्न नसकिने गुणस्तरहीन वस्तु पैठारी वा बिकी गर्ने,

(ण) उत्पादक, आपूर्तिकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता वा बिक्रेता वा त्यस्ता व्यक्ति र अन्य व्यक्ति, संघ संस्थाको मिलेमतोबाट लागेको लागत र तोकिएभन्दा बढी मूल्य निर्धारण गर्ने वा बिकी गर्ने,

(त) कुनै उपभोग्य वस्तु वा सेवा बिकी गर्दा तोकिएको व्यापारिक तहभन्दा बढी तह वा शृङ्खला खडा गरी बिक्री वा प्रदान गर्ने,

(थ) कुनै उपभोग्य वस्तु वा सेवा बिकी वा प्रदान गर्न कुनै संरचना, मानक वा मापदण्ड तोकिएकोमा त्यस्तो संरचना, मानक वा मापदण्ड पूरा नगरी बिकी गर्ने,

## ११. <u>बजारको तह निर्धारणसम्बन्धी व्यवस्था</u> :

(१) नगरपालिकाले उपभोक्ता हक हित संरक्षण गर्न, बजारको नियम (मार्केट रुल) बमोजिम बजार व्यवस्थापन गर्न, बजारलाई स्वच्छ, सुलभ तथा पारदर्शी बनाउन तोकिएको कुनै पनि वस्तु वा सेवाको लागि बजार वा प्रदायकको तह निर्धारण गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम तोकिएभन्दा बढि तह कायम हुने गरी कसैले पनि वस्तु वा सेवाको बिक्री वितरण गर्न पाइने छैन ।

## १२. आपूर्ति व्यवस्थापन :

(१) नगरपालिका क्षेत्रमा आवश्यक वस्तु वा सेवाको बजार माग अनुसार आपूर्तिको व्यवस्थापन सम्बन्धित वस्तु वा सेवाको प्रदायक वा बिक्रेताले गर्नुपर्ने छ ।

(२) समितिले वस्तु वा सेवाको बजारमा माग अनुसार उत्पादन, आयात, मौज्दात तथा भण्डारणको अवस्थाका सम्बन्धमा नियमित विश्लेषण गरी सोको आधारमा सम्बन्धित प्रदायक वा बिक्रेतालाई आपूर्ति व्यपस्थापनका लागि आवश्यक निर्देशन गर्ने छ ।

(३) नगरपालिका आफैले वा सार्वजनिक निजी साझेदारी वा सहकारी वा अन्य कुनै व्यवस्थापनबाट नगरपालिका क्षेत्रभित्र वस्तु र सेवाको आपूर्ति व्यवस्थापन गर्न सक्ने छ ।

(४) नगरपालिका वा समितिले मागेको वस्तु र सेवाको मौज्दात वा सञ्चय लगायतका विवरण तोकिएको समयभित्र सम्बन्धित प्रदायक वा बिक्रेताले दिनुपर्ने छ ।

(५)अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति व्यवस्थालाई असहज बनाउने उद्धश्यले कसैले पनि कृत्रिम अभावको सिर्जना, जम्माखोरी, कृत्रिम मूल्य वृद्धि र नाफाखोरी जस्ता कार्य गर्न गराउन हुँदैन ।

(६)विपद् वा अन्य कुनै कारणले बजारमा दैनिक उपभोग्य अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति व्यवस्थामा गम्भीर संकट वा विचलनको अवस्था आएमा नगरपालिकाले त्यस्तो वस्तु वा सेवाको बजारलाई नियन्त्रण गरी सहज आपूर्ति व्यवस्था नभएसम्मको लागि कुनै निजी सार्वजनिक संस्था वा सहकारीमार्फत त्यस्तो वस्तु र सेवाको बिक्री वितरण व्यवस्था गराउन सक्ने छ ।

(७) आपूर्ति व्यवस्थापनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

## १३. वस्तु र सेवाको बिक्रीस्थलसम्बन्धी व्यवस्था :

(१) नगरपालिका क्षेत्रभित्र वस्तु वा सेवाको व्यापार व्यवसाय गर्दा दर्ता वा अनुमति प्राप्त गरेको स्थलमाबाहेक अन्यत्र सेवा सञ्चालन तथा वस्तुको बिक्री वितरण गर्न, गराउन पाइने छैन ।

(२) उपदफा (१) बमोजिम प्रदायकले तोकिएको स्थलबाहेक अन्यत्र वा निषेधित क्षेत्रमा कसैले पनि सेवा वा वस्तुको बिक्री वितरण गर्न पाइने छैन ।

(३) वस्तु वा सेवा सञ्चालन वा बिक्री वितरणसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने छ ।

## १४. सुपथ मूल्यको पसलको स्थापना तथा सञ्चालन गर्ने :

(१) नगरपालिकाले दैनिक उपभोग्य वस्तुहरुको सहज र सुपथ उपलब्धताको लागि सार्वजनिक सहकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा सुपथ मूल्यका पसलको स्थापना तथा सञ्चालन गर्न गराउन सक्ने छ ।

(२) सुपथ मूल्यको पसलको मालवस्तुलाई कसैले पनि बढि मूल्यमा बिक्री गर्न गराउन पाइने छैन ।

(३) सुपथ मूल्यसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने छ ।

## १५. स्थान र समय निर्धारण गर्न सक्ने :

(१) नगरपालिकाले वस्तु वा सेवा प्रदायकको बिक्री वितरणका लागि कुनै निश्चित स्थान वा समय निर्धारण गर्न वा सोसम्बन्धी पूर्वाधार निर्माण गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम स्थान, समय निर्धारण वा पूर्वाधार निर्माण गर्दा एकीकृत बजार वा एकै प्रकारका फर्म, पसल, कम्पनी, उद्योग, व्यवसायलाई एकै ठाउँमा सञ्चालन गर्ने गरी दर्ता वा अनुमति प्रदान गरी व्यवस्थापन गर्न सक्ने छ ।

(३) स्थान वा समय निर्धारणसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

## १६. वातावरण सफा र स्वच्छ राख्नुपर्नेः

(१) नगरपालिका क्षेत्रमा कारोबार गर्ने वस्तु वा सेवाका प्रदायकले नगरपालिका क्षेत्रको सरसफाई र स्वच्छतामा हानि, नोक्सानी हुने कुनै गतिविधि सञ्चालन गर्न पाइने छैन ।

(२) कारोबार स्थल, सडक, बाटो सफा राख्न तथा आफूले उत्सर्जन गरेको फोहरको उचित व्यवस्थापन गर्नु सम्बन्धित प्रदायकको कर्तव्य हुनेछ ।

## परिच्छेद-६

## अत्यावश्यक वस्तु र सेवाको सूची र मूल्य निर्धारण सम्बन्धी व्यवस्था

### १७. अत्यावश्यक वस्तु र सेवाको सूची र मूल्य निर्धारण :

(१) नगरपालिकाले समयसमयमा अत्यावश्यक वस्तु वा सेवाको सूची निर्धारण वा अधिकतम उपभोक्ता मूल्य निर्धारण गरी सार्वजनिक सूचना प्रकाशित गर्न सक्ने छ

(२) उपदफा (१) बमोजिम नगरपालिकाभित्र तोकिएको अधिकतम मूल्यभन्दा बढी हुने गरी कसैले पनि वस्तु वा सेवा बिक्री गर्न पाइने छैन ।

(३) उपदफा (१) बमोजिमको अत्यावश्यक वस्तु वा सेवाको सूची र अधिकतम उपभोक्ता मूल्यसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

### १८. मूल्य सूची तथा दर्ता प्रमाणपत्र राख्नुपर्ने :

(१) वस्तु वा सेवाका प्रदायकले पसलमा रहेको प्रत्येक उपभोग्य वस्तुको कारखाना मूल्य तथा बिक्रेताले बिक्री वितरण गर्ने प्रत्येक वस्तुको थोक वा खुद्रा मूल्य र सेवा

प्रदायकले प्रदान गर्ने सेवाको शुल्क स्पष्ट रुपमा उल्लेख गरी मूल्य सूची राख्नुपर्ने छ।

(२) उत्पादक वा बिक्रेता वा सेवा प्रदायकले खरिद बिक्रीसम्बन्धी बिल बिजक दुरुस्त राख्नुपर्ने छ।

(३) वस्तु वा सेवाको बिल वा बिजक नगरपालिका, समिति, अनुगमन टोली र निरीक्षण अधिकृतले मागेकोबखत उपलब्ध गराउनुपर्ने छ।

(४) वस्तु वा सेवा बिक्री गर्दा उपभोक्तालाई बिक्रेताले बिल दिनुपर्ने छ।

## परिच्छेद-७

## गुणस्तर सम्बन्धी व्यवस्था

**१९. गुणस्तरहीन वस्तु र सेवाको बिक्री, वितरण गर्न नहुने**:

(१) कसैले पनि नगरपालिका क्षेत्रभित्र गुणस्तरहीन वस्तु र सेवाको उत्पादन, पैठारी तथा बिक्री वितरण गर्नु हुँदैन। गुणस्तरहीन वस्तु भन्नाले देहायको कुनै अवस्था भएको वा रहेको उपभोग्य वस्तु सम्झनुपर्छ :–

(क) तोकिएकोभन्दा कम गुणस्तर भएको वा त्यस्तो वस्तुमा हुनुपर्ने आवश्यक तत्व वा पदार्थको परिमाण घटाइएको वा अर्को कुनै पदार्थको मिसावट गरिएको,

(ख) मानव स्वास्थ्यलाई हानि हुने गरी सडेको, गलेको वा फोहोरमैला वा विषादी मिश्रण गरि तयार गरिएको वा स्वास्थ्यलाई हानि हुने कुनै रङ रसायन वा सुगन्ध प्रयोग गरिएका

(ग) त्यस्तो वस्तुको केही वा सबै भाग कुनै रोगी वा रोगकारक पशुपंक्षी वा हानीकारक वनस्पतिबाट बनाइएका

(घ) तोकिएको मापदण्ड पूरा नगरी उत्पादन ढुवानी, सञ्चय, भण्डारण वा बिक्री वितरण गरिएको,

(ङ) उपभोग्य वस्तुको गुणस्तर तोकिएकोमा सोहीबमोजिम र नतोकिएकोमा उत्पादक वा पैठारीकर्ता वा बिक्रेताले तोकेबमोजिमको गुणस्तर नभएको ।

## २०. लेबल र उपभोग्य म्याद :

(१) नगरपालिकाभित्र प्रचलित काननबमोजिम ु लेबल भएको वस्तु मात्र उत्पादन, पैठारी, ढुवानी, भण्डारण तथा बिक्री वितरणको लागि राख्नुपर्ने छ ।

(२) गुणस्तरहीन वस्तु वा म्याद गुर्जेका वस्तु फिर्ता गर्ने, नष्ट गर्ने समेतको दायित्व सम्बन्धित वस्तु वा सेवा प्रदायकको हुनेछ ।

# परिच्छेद-८

# समिति र बजार अनुगमन टोलीको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

## २१. बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समिति :

(१) यस ऐन कार्यान्वयन गर्न नगरपालिकाभित्र देहाय बमोजिमको बजार व्यवस्थापन उपभोक्ता हित संरक्षण समितिको गठन हुनेछ :–

(क) उपप्रमुख - संयोजक

(ख) नगरपालिकाको आर्थिक विकास समिति संयोजक - सदस्य

(ग) जिल्ला प्रशासन कार्यालय, काठमाडौंको प्रतिनिधि (कम्तिमा रा.प.तृतीय श्रेणीको अधिकृतस्तर) एक जना - सदस्य

(घ) उद्योग वाणिज्य संघ गोकर्णेश्वरको अध्यक्ष वा प्रतिनिधि एक जना - सदस्य

(ङ) नगरपालिकाले तोकेको उपभोक्ता हित संरक्षणमा काम गर्ने स्थानीय व्यक्ति एक जना - सदस्य

(च) नगरपालिकाको आर्थिक विकास शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिमको सदस्यको पदावधि दुई वर्षको हुनेछ र पुनः समितिमा तोकिन सक्नेछ ।

(३) समितिले आवश्यकताअनुसार विषयविज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्ने छ ।

## २२. समितिको काम, कर्तव्य र अधिकार :

(१) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ : -

(क) उपभोक्ता हित संरक्षण तथा स्वच्छ बजार व्यवस्थापन सम्बन्धी आवश्यक नीतिगत व्यवस्था गर्ने,

(ख) बजारलाई स्वच्छ, प्रतिस्पर्धी र उपभोक्तामैत्री बनाउन उपभोक्ताको हकहितमा प्रतिकूल असरपर्ने वा पर्न सक्ने एकाधिकार वा अनुचित व्यापारिक क्रियाकलापको

रोकथाम र नियन्त्रण गर्ने वा त्यस सम्बन्धमा कार्ययाजना बनाई लागू गर्ने,

(ग) अत्यावश्यक वस्तुहरुको माग र आपूर्तिको अवस्था सम्बन्धी तथ्याङ्क सङ्कलन गरी मागबमोजिम आपूर्ति व्यवस्था सहज र सुलभ बनाउन आवश्यक कार्यहरु गर्ने,

(घ) आपूर्ति व्यवस्थालाई सहज, सुलभ र पहुँच योग्य बनाउन सार्वजनिक संस्था, सहकारी र निजी क्षेत्रलाई प्रोत्साहन गर्ने,

(ङ) उपभोक्ताको हित संरक्षण गर्न आपूर्ति व्यवस्था र उपभोग्य वस्तु वा सेवाको छड्के अनुगमन गर्ने,

(च) उपभोक्ता शिक्षासम्बन्धी सचेतना र बजार अनुगमनको कार्ययोजना तयार गरी लागु गर्ने,

(छ) उपभोक्ताको गुनासो तथा सूचना प्राप्त गर्न महानगर उपभोक्ता हटलाइन जस्ता सेवा सञ्चालन गरी उपभोक्तालाई गुनासो गर्न सहज सुलभ बनाई उपभोक्तालाई जायज गुनासो गर्न प्रोत्साहन तथा पुरस्कृत गर्ने,

(ज) बजार अनुगमन सम्बन्धी कामको मूल्याङ्कन गरी अनुगमन टोलीलाई आवश्यक निर्देशन गर्ने,

(झ) कार्यपालिकाले दिइएका अन्य निर्देशन र आदेशको कार्यान्वयन गर्ने, गराउने,

(ञ) उपभोक्ता हित विपरीत भएका कार्यमा आवश्यक कानुनी कारवाहीको लागि संरक्षण वा अनुसन्धान अधिकृत तोक्ने,

(ट) नगरपालिकाभित्र खपत हुने उपभोग्य वस्तु वा सेवाको माग र आपूर्तिस्थितिको निरन्तर विश्लेषण तथा समीक्षा गरी माग अनुसारको आपूर्ति व्यवस्थापन गर्ने/गराउने,

(ठ) वस्तु वा सेवाका उत्पादक, बिक्रेता वा वितरकले अवाञ्छित तरिकाले गरेको मूल्य वृद्धिलाई रोक्न र नियन्त्रण गर्न आवश्यक व्यवस्था गर्ने,

(ड) उपभोक्तालाई उचित मूल्य र सहज रुपमा खाद्यान्न लगायतका अन्य दैनिक अत्यावश्यक उपभोग्य वस्तुको आपूर्ति सुनिश्चित गर्न नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्था वा निजी फर्म वा कम्पनीलाई प्रोत्साहित गर्ने,

(ढ) कुनै ठाँउ विशेषको लागी कुनै वस्तु वा सेवाको निश्चित अवधिका लागी अधिकतम मौज्दातको परिमाण तोक्ने,

(ण) नगरपालिका क्षेत्रभित्र उत्पादित कुनै खाद्य वस्तुको अभाव भएमा त्यस्तो खाद्य वस्तुको निश्चित परिमाण निर्धारण गरि तोकिएको वा उचित मूल्यमा उत्पादक, भण्डारक, आयातकर्ता वा बिक्रेताबाट खाद्य वस्तु प्राप्त गरी सर्वसाधारणलाई बिकी वितरणको व्यवस्था गर्ने,

(त) थोक वा खुद्रा व्यवसायलाई व्यवस्थित गर्न त्यस्ता व्यवसायसँग सम्बन्धित व्यापारिक फर्म वा कम्पनीको नाम ठेगाना उपभोग्य वस्तुको मौज्दातलगायत अन्य

आवश्यक विवरण खुलाउन लगाई उचित मुल्यमा बिक्री वितरण गर्न निर्देशन दिने,

(थ) उपभोक्ताको हकहित संरक्षण गर्न र आपूर्ति व्यवस्थालाई नियमित गर्नको लागी कुनै उपभोग्य वस्तु वा सेवाको कृत्रिम अभाव हुन नदिन, सबै ठाँउमा नियमित रुपमा उपभोग्य वस्तु वितरण गर्न सम्बन्धित निकायहरुसँग समन्वय गर्ने,

(द) उपभोग्य वस्तुको बिक्री वितरण प्रणालीलाई नियमित गर्ने र अनुपयुक्त तबरले अभाव सिर्जना गर्ने वा कालोबजारी गर्ने काम वा अनुचित व्यापारिक क्रियाकलापलाई नियन्त्रण गर्ने,

(ध) आवश्यकता अनुसार छड्के सुपरिवेक्षण तथा अनुगमन गरी कारबाही गर्ने,

(न) आवश्यकता अनुसार बजार अनुगमन समिति, बजार अनुगमन टोली, विषयगत अनुगमन टोली वा संयुक्त बजार अनुगमन टोली गठन गरी परिचालन गर्ने,

(प) नगरपालिकाको आवश्यकता अनुसार केन्द्रीय, प्रदेशस्तरीय बजार अनुगमन समिति तथा विभिन्न विषयगत अनुगमन समितिहरुलाई बजार अनुगमन गर्न सहजीकरण गर्न लेखी पठाउने,

(फ) समितिका अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने छ ।

(२) समितिले छड्के सुपरिवेक्षण तथा अनुगमन गर्दा यस ऐनको व्यवस्था प्रतिकुल कसैबाट काम कारबाही

भएको पाइएमा सुपरिवेक्षण तथा अनुगमन गरिएको फाइलसाथ आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा पठाउनुपर्ने छ ।

(३) सम्बन्धित निकायल पनि सो सम्बन्धमा भएको काम कारबाहीको जानकारी समितिलाई गराउनुपर्ने छ ।

(४) समितिल बजार छड्के अनुगमन गर्दा यस ऐनबमोजिम निरीक्षण अधिकृतलाई प्राप्त सम्पूर्ण अधिकार प्रयोग गर्न सक्ने छ ।

(५) मितिले गरेको काम कारबाहीको त्रैमासिक प्रतिवेदन कार्यपालिकामा पेस गरी छलफल गरिने छ ।

## २३ . बजार अनुगमन टोलीको गठन :

(१) यस ऐन बमोजिम अनुचित व्यापारिक तथा व्यवसाय जन्य क्रियाकलाप भए नभएको, मूल्य सूची राखे नराखेको, वस्तु वा सेवाको गुणस्तर, मूल्य, परिमाणका सम्बन्धमा नियमित रुपमा बजार अनुगमन तथा निरीक्षण गर्न नगरपालिकाले देहायबमोजिमको बजार अनुगमन टोली गठन गर्ने छ ।

(क) नगरपालिकाको आर्थिक विकास शाखा प्रमुख वा निरिक्षण अधिकृत - संयोजक

(ख) नगरपालिकाको आर्थिक विकास समिति संयोजक/सदस्य - सदस्य

(ग) आर्थिक विकास शाखाको प्रतिनिधिएक जना - सदस्य

(घ) तोकिएको नगर प्रहरी एक जना - सदस्य

(ङ) उपभोक्ता हित सम्बन्धी संघ संस्थाको प्रतिनिधि एक जना - सदस्य

(च) सम्बन्धित क्षेत्र तथा विषयको विज्ञ एक जना -सदस्य

(छ) पत्रकार महासङ्घ, गोकर्णेश्वर शाखाका प्रतिनिधि एक जना - सदस्य

(२) उपदफा (१) बमोजिमको बजार अनुगमन टोलीमा सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य आमन्त्रित सदस्यको रुपमा रहने छ।

(३) उपदफा (१) बमोजिम गठित बजार अनुगमन टोलीले अनुगमन गर्दा यस ऐनबमोजिम निरीक्षण अधिकृतलाई प्राप्त सम्पूर्ण अधिकार प्रयोग गर्न सक्ने छ।

(४) बजार अनुगमन टोलीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने छ।

(५) समिति र अनुगमन टोलीको बैठक तथा सेवा सर्त सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने छ।

# परिच्छेद-९

## बजार अनुगमन सम्बन्धी व्यबस्था

### २४. बजार अनुगमनमा हेर्नुपर्ने विषय :

(१) बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा देहायका विषय भए नभएको हेर्नुपर्नेछ :-

(क) बिक्रेता वा सेवा प्रदायकले नियामक निकायबाट कानुन बमोजिम प्रदान गरिने गरेको व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (पान) को प्रमाणपत्र लगायतका आवश्यक कागजातहरु लिएको छ/छैन प्रमाणपत्र नियमित रुपमा नवीकरण छ/छैन?

(ख) बिक्रेता वा सेवा प्रदायकले आफनो व्यवसायको नगरपालिकाले तोकेबमोजिमको साइन बोर्ड राखेको छ/छैन ?

(ग) सेवाप्रदायकले वस्तुको बिक्री कक्षमा मूल्यसूची राखेको छ/छैन ?

(घ) माल, वस्तुको परिमाण, मूल्य, गुणस्तर र तौल ठीक छ/छैन ?

(ङ) प्याकेजिङ गरिएको वस्तुको लेबलमा उत्पादक वा पैठारीकर्ताको नाम, उत्पादन मिति, उपभोग्य अवधि वा मिति, अधिकतम खुद्रा मूल्य, मिश्रण, भण्डारण र उपभोग गर्ने तरिका उल्लेख गरिएको छ/छैन ?

(च) औषधी बिकी गर्न इजाजत प्राप्त व्यक्ति औषधी बिकी स्थलमा भए नभएको एवं औषधी बिकेता प्रमाणपत्र छ /छैन ?

(छ) उत्पादन मिति, उपभोग्य मिति केरमेट गरेको वा पुनः लेबलिङ वा छपाई गरेको छ/छैन ?

(ज) माछामासु, फलफूल, तरकारी, मिठाई पसल, डेरी र होटेल वधशाला वा माछामासु बिक्रीस्थल सफा सुग्घर र मापदण्ड अनुसार छ/छैन ?

(झ) बिकेताले केतालाई बस्तुको बिलबिजक जारी गरेको छ/छैन ?

(ञ) अन्य तोकिए बमोजिमका कुराहरु ।

(२) बजार अनुगमनकर्ताले अनुगमन तथा निरीक्षण कार्य गर्दा देहायको विषयमा ध्यान दिनुपर्ने छः-

(क) अनुगमन सम्बन्धी सूची (चेकलिस्ट) साथमा लिई जानुपर्ने छ ।

(ख) स्थानीय प्रशासन र प्रहरीलाई अनुगमन पूर्व वा अनुगमनपछि शान्ति, सुरक्षाका लागि सूचना गर्न तयारी गर्नुपर्ने छ ।

(ग) अत्यावश्यक वस्तु तथा सेवामध्ये कुन कुन विषयलाई पहिलो प्राथमिकतामा राख्ने भन्ने किटान गरी विषय सूची तयार गर्नुपर्ने छ ।

(घ) वस्तु तथा सेवाको आपूर्ति बिक्री वितरण, मूल्य, गुणस्तर आदिको बारेमा पर्याप्त सूचना र जानकारी हासिल गर्नुपर्ने छ ।

(ङ) अनुगमन वा निरीक्षण गर्न जानु अगावै तालिका बनाई आवश्यक पर्ने साधन, सहयोग आदिको पूर्वतयारी गर्नुपर्ने छ ।

(च) आकस्मिक/आवधिक प्रबन्धनात्मक उदेश्यमूलक अनुगमन गर्ने सम्बन्धमा निरीक्षण पूर्वको गोपनियता कायम गर्नुपर्ने छ । (छ) अन्य तोकिए बमोजिमका कुराहरु ।

(३) अनुगमनकर्ताले अनुगमनका क्रममा प्रदायकसँग शिष्ट व्यवहार गर्नुपर्ने छ ।

(४) टालीले बजार अनुगमन गरी भएको कारबाही सम्बन्धी बिस्तृत विवरण खुलेको दैनिक प्रतिवेदन पेश गर्नुपर्ने छ । यस्तो प्रतिवेदन विद्युतीय माध्यमबाटसमेत पेश गर्न सकिने छ ।

(५) अनुगमन सम्बन्धी तोकिएका अन्य आचारसंहिता पालना गर्नुपर्ने छ ।

# परिच्छेद -१०

## निरीक्षण अधिकृत सम्बन्धी व्यवस्था

**२६. निरीक्षण अधिकृतको नियुक्ति :**

(१) नगरपालिकाले प्रचलित कानुन वा यस ऐन वा तोकिए बमोजिमको बजार अनुगमन, अनुसन्धान, तहकिकात लगायतका काम गर्न कुनै अधिकृत कर्मचारीलाई निरीक्षण अधिकृतको रुपमा नियुक्ति गर्न वा खटाउन सक्ने छ ।

(२) नगरपालिकाले आवश्यक देखेमा प्रचलित नेपाल कानुन वा उपभोक्ता संरक्षण ऐन, २०७५ वा प्रदेश व्यापार तथा व्यवसाय ऐनबमोजिमको कुनै निरीक्षण अधिकृत तोक्नको लागि कुनै अधिकृत कर्मचारीलाई सिफारिस गर्न सक्ने छ ।

(३) निरीक्षण अधिकृतको पदमा नियुक्ति हुने व्यक्तिको योग्यता र अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

**२७. निरीक्षण अधिकृतको काम, कर्तव्य र अधिकार :**

निरीक्षण अधिकृतको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :–

(क) उपभोग्य वस्तुको उत्पादन, बिक्री वितरण गर्ने वा कुनै सेवा प्रदान गरेको ठाउंमा प्रवेश गर्ने,

(ख) उपभोग्य वस्तुको उत्पादन बिक्री वितरण गर्ने वा सेवा प्रदान गर्ने व्यक्तिसँग आवश्यक विवरण वा जानकारी लिने,

(ग) उपभोग्य वस्तुको उत्पादन, बिक्री वितरण गर्ने वा कुनै सेवा प्रदान गर्ने व्यक्तिसँग वा सोसँग सम्बन्धित अन्य व्यक्तिसँग आवश्यक बयान लिने,

(घ) कुनै उपभोग्य वस्तुको परीक्षण गर्न आवश्यक देखिएमा आवश्यक पर्ने परिमाणमा नमूना लिई प्रयोगशालामा परीक्षण गर्न लगाउने,

(ङ) कुनै उपभोग्य वस्तु वा सेवाको तत्काल उत्पादन बिक्री वितरण वा सेवा प्रदानमा रोक लगाउन आवश्यक देखिएमा सो रोक लगाउने,

(च) कुनै उपभोग्य वस्तुको परीक्षण गर्न आवश्यक देखिएको कारणबाट त्यसको परीक्षणको लागि नमूना लिईएकोमा प्रयोगशालाबाट नमूनाको परीक्षण भई नआएसम्मको लागि त्यस्ता वस्तुको बिक्री वितरणमा रोक लगाउने,

(छ) निरिक्षण वा जाँचबुझको सिलसिलामा उत्पादक वा बिक्रेतालाई तत्काल कुनै आदेश दिन उपयुक्त देखिएमा सो आदेश दिने ,

(ज) आवश्यकताअनुसार अनुगमनका क्रममा उत्पादनस्थल, गोदाम र पसलको खानतलासी गर्ने, (झ) तोकिएबमोजिम अन्य कार्य गर्ने ।

## २८. **निरीक्षण अधिकृतले अपनाउनुपर्ने कार्यविधि** :

निरीक्षण अधिकृतले निरीक्षण जाँचबुझ वा खानतलासी गर्दा अपनाउन पर्ने कार्यविधि प्रचलित कानुन बमोजिम वा तोकिए बमोजिम हुने छ ।

# परिच्छेद ११

## कसूर र सजायसम्बन्धी व्यवस्था

**२९. कसूर गरेको मानिने** :

कसैले देहायको काम कारबाही गरे वा गराएमा यस ऐनअर्न्तगतको कसूर गरेको मानिनेछ :–

(क) उपभोग्य वस्तुको उत्पादन, बिक्री वितरण गर्ने वा कुनै सेवा प्रदान गरेको ठाउंमा प्रवेश गर्ने,

(ख) उपभोग्य वस्तुको उत्पादन बिक्री वितरण गर्ने वा सेवा प्रदान गर्ने व्यक्तिसँग आवश्यक विवरण वा जानकारी लिने,

(ग) उपभोग्य वस्तुको उत्पादन, बिक्री वितरण गर्ने वा कुनै सेवा प्रदान गर्ने व्यक्तिसँग वा सोसँग सम्बन्धित अन्य व्यक्तिसँग आवश्यक बयान लिने,

(घ) कुनै उपभोग्य वस्तुको परीक्षण गर्न आवश्यक देखिएमा आवश्यक पर्ने परिमाणमा नमूना लिई प्रयोगशालामा परीक्षण गर्न लगाउन ।

(ङ) कुनै उपभोग्य वस्तु वा सेवाको तत्काल उत्पादन बिक्री वितरण वा सेवा प्रदानमा रोक लगाउन आवश्यक देखिएमा सो रोक लगाउने,

(च) कुनै उपभोग्य वस्तुको परीक्षण गर्न आवश्यक देखिएको कारणबाट त्यसको परीक्षणको लागि नमूना

लिईएकोमा प्रयोगशालाबाट नमूनाको परीक्षण भई नआएसम्मको लागि त्यस्ता वस्तुको बिक्री वितरणमा रोक लगाउने,

(छ) निरिक्षण वा जाँचबुझको सिलसिलामा उत्पादक वा बिक्रेतालाई तत्काल कुनै आदेश दिन उपयुक्त देखिएमा सो आदेश दिने ,

(ज) आवश्यकता अनुसार अनुगमनका क्रममा उत्पादनस्थल, गोदाम र पसलको खानतलासी गर्ने, (

झ) तोकिएबमोजिम अन्य कार्य गर्ने ।

**२८. निरीक्षण अधिकृतले अपनाउनुपर्ने कार्यविधि** : निरीक्षण अधिकृतले निरीक्षण जाँचबुझ वा खानतलासी गर्दा अपनाउन पर्ने कार्यविधि प्रचलित कानुन बमोजिम वा तोकिए बमोजिम हुने छ ।

## परिच्छेद ११

## कसूर र सजायसम्बन्धी व्यवस्था

**२९ कसुर गरेको मानिने :**

कसैले देहायको काम कारबाही गरे वा गराएमा यस ऐन अर्न्तगतको कसूर गरेको मानिनेछ :–

(क) दफा ६ (१) वा (२) विपरीत दर्ता वा अनुमति नलिई कारोबार सञ्चालन गरे, गराएमा ।

(ख) दफा ७ बमोजिम नवीकरण नगरी कारोबार सञ्चालन गरे, गराएमा ।

(ग) दफा ९ बमोजिम गुणस्तर वा मापदण्ड पूरा नगरी कारोबार सञ्चालन गरे, गराएमा ।

(घ) दफा १०बमाजिम अनुचित व्यापारिक क्रियाकलाप गरे, गराएमा ।

(ङ) दफा ११ (२) बमोजिम तोकिएभन्दा बढी बजार तह कायम गरी बिक्री वितरण गरे, गराएमा ।

(च) दफा १२ (४) बमोजिम कसैले पनि कृत्रिम अभावको सिर्जना, जिम्माखोरी , कृत्रिम मूल्यवृद्धि र नाफा खोरीजस्ता कार्य गरे गराएमा ।

(छ) दफा १३ (१) बमोजिम नगरपालिका क्षेत्रभित्र वस्तु वा सेवाको व्यापार व्यवसाय गर्दा दर्ता वा अनुमति प्राप्त गरेको स्थलमा बाहेक अन्यत्र सेवा सञ्चालन तथा वस्तुको बिक्री वितरण गरे गराएमा ।

(ज) दफा १३ (२) बमोजिम प्रदायकले तोकिएको स्थल बाहेक अन्यत्र वा निषेधित क्षेत्रमा सेवा वा वस्तुको बिक्री वितरण गरे गराएमा ,

(झ) दफा १४ (२) विपरीत बढी मूल्यमा बिक्री गरे गराएमा ।

(ञ) दफा १६ (१) बमोजिम प्रदायकले वातावरण स्वच्छ र सफा नराखेमा ।

(ट) दफा १७ (२) बमोजिम तोकिएको अधिकतम मूल्यभन्दा बढी हुनेगरी वस्तु वा सेवा बिक्री गरे गराएमा ।

(ठ) दफा १८ बमोजिमका कार्य पूरा नगरेमा ।

(ड) दफा १९ (१) बमोजिम गुणस्तहीन वस्तु र सेवाको उत्पादन, पैठारी तथा बिक्री वितरण गरे गराएमा ।

## ३०. जरिवानासम्बन्धी व्यवस्था :

(१) कसैले दफा २९ अर्न्तगत कसूर गरे, गराएमा कसूरको मात्रा हेरी निरीक्षण अधिकृतले देहाय बमोजिम जरिवाना गर्न सक्नेछ :–

(क) खण्ड (क), (ख), (ग), (ङ),(छ), (ज), (झ) र (ठ) बमोजिमको कसुर गर्ने वा गराउने लाई पाँच हजार रुपैयादेखि पचास हजार रुपैयाँ सम्म ।

(ख) खण्ड (घ), (च), (ञ) र (ट) र (ड) बमोजिमको कसूर गर्ने वा गराउनेलाई १० हजार रुपैयादेखि दुई लाख रुपैयाँसम्म ।

(२) निरीक्षण अधिकृतले यस दफाबमोजिम जरिवाना गर्नुपर्ने कारण र जरिवाना गरेको रकम लगायतको सम्पूर्ण विवरण खुलाई तीन दिनभित्र समितिलाई जानकारी गराउनुपर्ने छ ।

(३) उपदफा (१) बमोजिम गर्ने गरी निर्णय भएको मितिले सात दिनभित्र सो जरिवाना नतिर्ने, नबुझाउने प्रदायक विरुद्ध निरीक्षण अधिकृतले देहायको कार्य गर्न सक्नेछ :–

(क) जरिवाना भएको रकम नबुझाएसम्म त्यस्तो वस्तु वा सेवा सिलबन्दी गरेर राख्ने,

(ख) जरिवाना भएको रकम नबुझाएसम्म त्यस्तो वस्तु वा सेवाको उत्पादन, ढुवानी, पैठारी वा बिक्री गर्ने अन्य वस्तुसमेत रोक्का राख्ने ।

(४) यस दफाबमोजिम निरीक्षण अधिकृतले गरेको निर्णयउपर चित्त नबुझेमा निर्णय भएको मितिले १५ दिनभित्र जिल्ला अदालत वा उपभोक्ता अदालतसमक्ष पुनरावेदन गर्न सक्ने ।

(५) अन्य दफाहरुमा जेसुकै लेखिएको भए पनि यस ऐनबमोजिम बजार अनुगमनका क्रममा गम्भीर प्रकृतिको कसूरमाबाहेक कम जरिवानासम्म हुन सक्ने सामान्य प्रकृतिका कसूरमा कसुरदारले कसूर स्वीकार गरी सुधार गर्ने प्रतिबद्धता जनाएको अवस्थामा समिति,

बजार अनुगमन समिति वा नगरपालिका बजार निरीक्षण अधिकृतले एउटा प्रंदायकलाई बढीमा फरक फरक प्रकृतिको कसूरमा गरी बढीमा एक पटकसम्म सुधार गर्ने मौका प्रदान गरी कारबाही स्थगित गर्न सक्ने छ ।

**३१. सजाय सम्बन्धी अन्य व्यवस्था :**

(१) दफा ३० मा उल्लेखित जरिवाना सम्बन्धी व्यवस्था बाहेकको कसूरमा प्रचलित नेपाल कानुन बमोजिम सजाय हुने छ ।

(२) यस ऐन बमोजिम गरिएको जरिवानाले प्रचलित कानुनबमोजिम सजाय गर्न बाधा पुऱ्याएको मानिने छैन ।

## परिच्छेद- १२

## उजुरी तथा तहकिकातसम्बन्धी व्यवस्था

**३२. उजुरी दिन सक्ने :**

(१) यस ऐन वा यस ऐनअन्तर्गतको नियम विपरीत कुनै प्रदायकले कुनै कसूर गरेको पाइएमा नगरपालिका वा समिति वा निरीक्षण टोली वा निरीक्षण अधिकृतसमक्ष उजुरी दिन सकिने छ ।

(२) उपदफा (१) बमोजिमको निकाय वा अधिकारीले उजुरी वा सार्वजनिक सञ्चार माध्यमबाट प्राप्त सूचनालाई उजुरीको रुपमा ग्रहण गर्न सक्ने छ ।

(३) उपदफा (१) वा (२) बमोजिम प्राप्त उजुरी वा सूचना वा अन्य कुनै सरकारी निकायबाट अनगमनको लागि लेखी आएमा समिति वा बजार अनुगमन टोलीले एक आपसमा समन्वय गरी अनुगमन तथा निरीक्षण गर्न सकिने छ ।

(४) उपदफा (३) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा प्रदायकले यस ऐनको विपरीत व्यापारिक क्रियाकलाप गरेको पाइएमा तत्काल कारबाही चलाउने छ ।

(५) उपदफा (४) बमोजिम अनुगमन टोलीले गरेको काम कारबाहीमा चित्त नबुझेमा प्रदायकले समिति समक्ष लिखित रुपमा उजुरी दिन सक्ने छ ।

**३३. सम्बन्धित निकाय वा अधिकारीसमक्ष लेखी पठाउन सक्ने :**

(१) यस ऐन बमोजिमको अनुगमन वा उजुरीबाट प्रचलित कानुनबमोजिम कुनै कसूर भएको वा भइरहेको वा हुन सक्ने सम्भावना समिति वा अनुगमन टोली वा निरीक्षण अधिकृतले देखेमा सम्बन्धित निकाय वा अधिकारीसमक्ष छानबिन र अनुसन्धानका लागि लेखी पठाउन सक्नेछ। ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित निकाय वा अधिकारीसमक्ष लेखि पठाएको विषयमा सम्बन्धित व्यक्तिले जानकारी माग गरेमा समिति वा अनुगमन टोली वा निरीक्षण अधिकृतले जानकारी गराउनुपर्ने छ ।

**३४. प्रचलित कानून बमोजिम मुद्दा चलाउँदा बाधा नपुग्न :**

यस ऐन बमाजिम ठहर्ने कसूर अन्य कानुनबाट समेत कसूर ठहरिने रहेछ भने त्यस्तो कानुनबमोजिम मुद्दा चलाउन बाधा पर्ने छैन ।

**३५. सूचना दिने, अनुगमन तथा अनुसन्धान काममा सहयोग गर्नेलाई पुरस्कृततथा प्रोत्साहित गर्ने :**

(१) यस ऐनबमोजिमको कसूरमा सूचना दिने तथा अनुसन्धानको काममा सहयाग गर्ने व्यक्तिलाई कसूरदारबाट असु ल भएको बिगोको २५ प्रतिशत रकम त्यस्तो व्यक्ति वा संस्थालाई पुरस्कार दिइने छ ।

तर समिति, निरीक्षण टोली, सम्बन्धित विभाग, शाखाका कर्मचारी तथा उनीहरुको परिवार तथा नातेदारले दिएको सूचनाबापत पुरस्कार दिइने छैन ।

(२) यस ऐन बमोजिमको कसूरका सम्बन्धमा सही सूचना दिने र अनुसन्धानका काम कारबाहीमा सहयोग पुऱ्याउने व्यक्ति वा संस्थालाई सूचना सङकलन् गर्दा वा सूचना दिंदा लागेको उचित खर्च रकम नगरपालिकाले प्रोत्साहन स्वरुप दिने छ ।

(३) यस दफाबमोजिम सूचना दिने व्यक्तिले चाहेमा नाम, ठेगाना तथा निजबाट प्राप्त भएको सूचना सम्बन्धी विवरण गोप्य राखिने छ ।

**३६. समितिको कार्यक्रम तथा बजेट :**

(१) नगरपालिकाले बजार व्यवस्थापन, अनुगमन तथा उपभोक्ता सचेतना अभिवृद्धिको सक्रिय उपभोक्ता संस्थासँगको साझेदारिमा सचेतना कार्यक्रमका लागी वार्षिक कार्यक्रम र बजेट विनियोजन गर्ने छ ।

(२) नेपाल सरकार तथा प्रदेश सरकारबाट बजार अनुगमन तथा व्यवस्थापन तथा उपभोक्ता हित संरक्षणको सचेतनाको लागि अनुदान प्राप्त भएमा उपदफा (१) बमोजिमको कार्यक्रममा समावेश गर्नेछ ।

(३) नगरपालिकाले बजार व्यवस्थापन, अनुगमन तथा उपभोक्ता सचेतना अभिवद्धिको लागि नेपाल सरकार, सहकारी, निजी क्षेत्र, उपभोक्ता हित संरक्षणसग सम्बन्धित सङ्घ संस्थासँग साझेदारी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

**३७. स्थानीय प्रशासनको कर्तब्य :**

नगरपालिका, समिति, बजार अनुगमन टोली र निरीक्षण अधिकृतले बजार अनुगमनका क्रममा सहयोग माग गरेमा सुरक्षा लगायतका आवश्यक सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासनको कर्तव्य हुनेछ ।

**३८. असल नियतले गरेको काम बचाउ :**

यस ऐन बमोजिम बजार अनुगमन गर्दा असल नियतल गरेका काममा अनुगमन गर्ने व्यक्ति उपर कुनै कारबाही गरिने छैन ।

**३९. स्थानीय तहहरुबीच साझेदारी तथा सहकार्य गर्न सक्ने :**

नगरपालिकाले बजार व्यवस्थापन तथा अनुगमनको लागि अन्य स्थानीय तहसँग सहकार्य, समन्वय तथा साझेदारीका कार्यक्रमहरु सञ्चालन गर्न सक्ने छ ।

**४०. उपभोक्ता हित कोष :**

यस ऐनबमोजिम असुल भएको जरिवाना रकमको पचास प्रतिशत रकम उपभोक्ता हित कोषमा जम्मा गरिने छ । उक्त कोषबाट उपभोक्ता सचेतना कार्यक्रम, क्षतिपूर्ति तथा उपभोक्ता हकहित प्रवर्द्धनात्मक कार्यक्रममा समितिको निर्णयानुसार खर्च हुनेछ ।

**४१. नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्ने :**

(१) यस ऐनलाई कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्ने छ ।

(२) नगरपालिकाले यस ऐनअर्न्तगत बनाएको नियमावली कार्यान्वयन गर्न आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागु गर्न सक्ने छ ।

नगरसभावाट स्वीकृत मिति : २०८१।०९।२९
प्रमाणिकरण मिति :२०८१।१०।१
प्रकाशित मिति : २०८१।१०।५

आज्ञाले,
यम नारायण गौली
प्रमुख प्रशासकिय अधिकृत